# रामधुनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# झुम्का,सुनसरी

## बालकोष संचालन कार्यबिधि
## २०७७

रामधुनी नगरपालिका
नगर कार्यपालिकको कार्यालय
झुम्का ,सुनसरी

## आपतकालीन एवं जोखिम अवस्थामा रहेका बालबालिकाहरुको संरक्षणका लागि बालमैत्री स्थानीय शासन (CFIG) नगर समिति र नगर बालअधिकार समिति रामधुनी नगरपालिका झुम्का ,सुनसरी द्वारा स्थापना गरिएको

# बालकोष सञ्चालन कार्यविधि - २०७७

रामधुनी नगरपालिका भित्रका आपतकालीन एवं जोखिम अवस्थामा रहेका बालबालिकाहरुको तत्काल संरक्षण, उद्धार, राहत वितरण र पारिवारिक पुर्नस्थापना गर्न तथा बालबालिकाको हकहित को संरक्षण र सम्बर्द्धन गर्नका लागि स्थानीय स्तरमा आर्थिक स्रोतको स्थापना गरी यस नगरका ९ ओटै वडा समेटि नगरपालिका स्तरीय संचालन गर्न बालकोषको स्थापना गर्ने भनी गरेको निर्णय बमोजिम उक्त कोष संचालन गर्न देहाय बमोजिमको कार्यविधि तयार गरी स्थापना र संचालनका लागि स्वीकृत गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क) यो कार्यविधिको नाम “बालकोष संचालन कार्यविधि - २०७७” रहेको छ ।

ख) यो कार्यविधि नगरकार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-**

क) “कोष” भन्नाले यस कार्यविधिको **३ नं. बुंदामा** उल्लेख गरे बमोजिम स्थापना गरिएको ९ ओटै वडा समेटि नगरपालिका स्तरीय बालकोष सम्झनु पर्दछ ।

ख) “नगरकार्यपालिका” भन्नाले नगर निर्णायक वोर्ड वैठक रामधुनी नगरपालिका झुम्का सुनसरी लाई सम्झनु पर्दछ ।

ग) **“आपतकालीन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिका” भन्नाले कार्यविधिको ९ नं. बुंदामा उल्लेखित बालबालिकालाई सम्झनु पर्दछ** ।

घ) “संचालक समिति ”भन्नाले कार्यविधिको ४ नं. बुंदामा उल्लेख गरे बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

**३. कोषको स्थापनाः-**

१) नगरकार्यपालिकाको सिफारिसमा नगरसभाबाट स्वीकृत भई बालबालिकाको लागि विनियोजित बजेटबाट जोखिम अवस्थामा रहेका वा आपतकालीन अवस्थामा रहेका नगरपालिका भित्रका बालबालिकाको संरक्षण गर्न नगर कार्यपालिकाले यस बालकोषको स्थापना गरेको छ ।

२) **बालकोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ** ।

क) नगरपालिकाले ९ ओटै वडा समेटि नगरपालिका स्तरीय कोषमा जम्मा गर्न पठाएको रकम,

ख) विभिन्न संघ-संस्था वा ब्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

(ग) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

**४. संचालक समितिको गठनः-** कोषको ब्यवस्थापन, सञ्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमको ५ सदस्यि संचालक समिति रहनेछ ।

क) बालमैत्री स्थानीय शासन (CFIG) नगर समितिको अध्यक्ष- संयोजक

ख) बालमैत्री स्थानीय शासन (CFIG नगर सम्पर्क व्यक्ति -सदस्य
ग) नगर बालसमुह संजालको प्रतिनिधि अध्यक्ष -सदस्य

घ) नगर बालअधिकार समितिका सदस्यहरु मध्येबाट शिक्षक प्रतिनिधी - सदस्य
ङ) बालमैत्री स्थानीय शासन (CFIG) नगर समितिका सदस्य सचिव - सदस्य सचिव

५. **बालकोष संचालक समितिको काम कर्तब्य र अधिकारः-** संचालक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) आपतकालीन अवस्थामा रहेका बालबालिकाहरुको पहिचान गरी तिनीहरुको तत्काल उद्धार गर्ने, राहत वितरण गर्ने वा पारिवारिक पुर्नमिलन गर्ने गराउने,
ख) सहयोगको आवश्यता र उपलब्ध स्रोतको आधारमा प्रतिब्यक्ति बढिमा रु ५,००० सम्म सहयोग गर्ने ,तर विशेष पुर्नस्थापना गर्नुपर्ने अवस्था हेरी सो भन्दा बढी सहयोग गर्न सकिने छ ।
ग) बालमैत्री स्थानीय शासन (CFIG) नगर समितिले दिएको उचित निर्देशन पालना गर्ने
घ) प्रत्येक ६ महिनामा कार्यप्रगति विवरण बालमैत्री स्थानीय शासन नगर समितिमा पेश गर्ने
ड.) कोषको आय-ब्ययको विवरण अद्यावधिक गर्ने
च) कोषको बृद्धि गर्न उपयुक्त नीति तथा कार्यक्रम र रचनात्मक कार्यक्रमको तर्जुमा गर्ने,प्रतेक बर्ष कोषमा रकम थप गर्ने ।
छ) आपतकालीन अवस्थाका बालबालिकाको संरक्षणका लागि अन्य आवश्यक काम गर्ने,
ज) संचालक समितिले गरेको आय-ब्ययको विवरण बालमैत्री स्थानीय शासन नगर समितिमा पेश गर्ने ।
झ) कोषको बृद्धिमा सहयोग गर्ने संघ-संस्था वा ब्यक्तिको सम्मान गर्ने, विवरण अद्यावधिक गर्ने,

६. **बालकोष संचालक समितिले गर्न नहुने कामहरुः- संचालक समितिले देहायका काम गर्न गराउन हुंदैन ।**
क) कोषको रकम हिनामिना वा समितिका कुनै सदस्य वा अन्य कुनै ब्यक्तिलाई लगानी गर्न ।
(ख)तालिम,गोष्ठी वा अन्य साधारण कार्यक्रममा रकम खर्च गर्न ।
(घ) आपतकालीन अवस्थाका बालबालिकाको हकहित संरक्षण गर्ने कार्यबाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न ।

७. **संचालक समितिको बैठकः-** आपतकालीन अवस्थाका बालबालिकाहरुको संरक्षणको लागि बालमैत्री स्थानीय शासन नगर समिति, बालमैत्री स्थानीय शासन वडा समिति, नगर बाल अधिकार समिति तथा वडा बालअधिकार समितिमा परेका निवेदन उपर छलफल र निर्णय गर्न संचालक समितिको बैठक देहाय बमोजिम बस्नेछ ।
क) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यक्ता अनुसार बस्ने छ ।
ख) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा सञ्चालक समितिको सदस्य सचिवले गर्नेछ ।
ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

घ) सञ्चालक समितिको निर्णय सदस्य-सचिवले प्रमाणित एवं अद्यावधिक राख्नेछ ।
ङ) सञ्चालक समितिको सम्पर्क स्थान बालमैत्री स्थानीय शासन नगर सम्पर्क शाखामा रहनेछ

८. **लेखा परिक्षणः-** नगर कार्यपालिकाले नियुक्त गरेको लेखापरिक्षकबाट प्रत्येक बर्ष आय-व्ययको विवरणको लेखापरिक्षण गराउनु पर्नेछ ।

## ९. आपतकालीन एवं जोखिम अवस्थाका बालबालिका अन्तरगत देहायका बालबालिका पर्दछनः-

१) हराएको वा वेवारिसे अवस्थामा फेला परेका बालबालिका,
२) जोखिमपूर्ण निकृष्ट श्रममा संलग्न रहेका बालबालिका,
३) ऋणको कारणले बन्धकमा रहेका वा जबरजस्ती श्रममा लगाई पिडित भएका बालबालिका,
४) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता र्दुव्यवहारबाट पिडित बालबालिका,
५) दुर्घटनामा परेका वा प्राकृतिक वा दैवी प्रकोपमा परेका बालबालिका,
६) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसंग सम्बन्धित रहेको कारणले बेवारिसे भएका बालबालिका,
७) यौनशोषण, यौन र्दुव्यवहार, बेचविखन वा ओसार पसारमा परेका बालबालिका,
८) हिंसाबाट प्रभावित एवं पिडित भएका बालबालिका,
९) बाबु आमा वा आफन्तजनको संरक्षणबाट बंचित भएका बालबालिका,
१०) अपांङ्गता भएका बालबालिका,
११) सुस्त मनस्थिति भएका बालबालिका,
१२) अपहरण वा शरिर बन्धकमा परेका बालबालिका,
१३) सडक बालबालिका,
१४) एच. आई. भि. एड्स संक्रमित भएका बालबालिका,
१५) अन्य बिशेष संरक्षणको आवस्यकता भै नगर बालअधिकार समितिले तोकेका बालबालिका

## १०. निवेदन दिन सक्नेः-

यस कार्यविधिको ९ नं. बुदामा उल्लेख गरिएका बालबालिकाहरुको संरक्षण, उद्धार तथा राहतको लागि सम्बन्धित वडा कार्यालयको सिफारिस सहित आफ्नो परिचय खुल्ने गरी बालमैत्री स्थानीय शासन वडा समिति ,वडा बालअधिकार समिति, बालमैत्री स्थानीय शासन नगर समिति ,नगर बालअधिकार समितिमा बालबालिकाको विस्तृत विवरण खुल्नेगरी निवेदन दिन सक्नेछ ।

## ११. खाताको सञ्चालन :-

बालकोषको रकम समितिको निर्णयले कुनै पनि नेपाल सरकारबाट मान्यता प्राप्त "क" वा "ख" बर्गको बैकमा खाता खोली जम्मा गर्न सकिनेछ । खाता सञ्चालन गर्ने क्रममा चल्ति वा बचत दुबै प्रकारको खातामा खोल्न सकिनेछ साथै नगरको आर्थिक प्रशासन शाखा प्रमुख र सदस्य सचिवको संयुक्त हस्ताक्षरमा खाता सञ्चालनमा रहनेछ ।

१२. **अन्य खर्चः-** कोषको संचालक समितिले आवश्यक ठानेका मसलन्द खर्च तथा बालउद्धार गर्ने क्रममा हुने विशेष यातायात खर्च गर्न सक्नेछ ।

**१३. कोष खारेज हुन सक्ने अवस्था :-** कुनै कारणबस कोष सञ्चालन गर्ने आवश्यक नभएमा प्रयाप्त कारणहरु सहित सञ्चालक समिति, बालमैत्री स्थानीय शासन नगर समिति तथा नगर बालअधिकार समितिको संयुक्त निर्णयले खारेज गर्न सकिने छ र कोष खारेज भएमा कोषमा रहेको रकम नगर बालअधिकार समितिको अगुवाईमा बालहितकारी कार्यक्रम सञ्चालन गर्न सकिनेछ

धन्यबाद ।